नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक २२४ २०८१ साल चैत २५ गते सोमबार (7 Apr. 2025 Monday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : जयनगर-बर्दिवास रेल्वे : मुआब्जा.. ३ पृष्ठमा : थाइल्याण्ड भ्रमण र बिम्स्टेक ... ३ पृष्ठमा :भारतीय प्रधानमन्त्री ...

## गजेन्द्र बाबुको सम्झनामा सप्तरीमा विभिन्न कार्यक्रम





**दैनिक समाचारदाता**
**राजविराज, २४ चैत ।**

मधेशी अधिकारका लागि संगठित अभियानको नेतृत्व गरेका नेता स्व. गजेन्द्र नारायण सिंहको राजनीतिक योगदानको सम्झना गर्दै आइतबार सप्तरीमा विभिन्न कार्यक्रम गरिएको छ ।

मधेशवादी नेता सिंहको ९६ औं जन्मजयन्तीका अवसरमा जसपा नेता एवं महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री नवलकिशोर साहले हनुमाननगर कंकालिनी नगरपालिकाको तीन स्थानमा बनाइएको स्व. सिंहको शालिकमा माल्यार्पण गर्दै उनको योगदान बारे चर्चा गरे ।

सो क्रममा मन्त्री साहले मधेशी जनताको अधिकारका लागी संगठित अभियान चलाएका सिंह निष्ठाको राजनीति गर्ने महान पुरुष भएको जिकिर गरे । उनीबाट सबैले प्रेरणा लिनु पर्ने बताउँदै उनले सिंहले गरेको योगदान सधैं अमर रहने उल्लेख गरे ।

*बाँकी अन्तिम पृष्ठमा*

## छात्रवृत्ति करार सेवाका चिकित्सक तथा स्वास्थ्यकर्मीलाई तलब दिन मुख्यमन्त्रीको निर्देशन

**दैनिक समाचारदाता**
**धनुषा, २४ चैत ।**

मधेश-प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले अस्पताल तथा स्थानीय तहअन्तर्गत कार्यरत छात्रबृत्ति करार सेबाका चिकित्सक तथा स्वास्थ्यकर्मीहरूले लामो समयदेखि नपाएको तलब सुविधा तुरुन्त भुक्तानी गर्न निर्देशन दिएका छन् ।

मुख्यमन्त्री सिंहले प्रदेश सरकारको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई निर्देशन दिंदै सङ्घ सरकारबाट आबश्यक बजेट प्राप्त भइसकेकाले प्रक्रिया पूरा गरी दुई-तीन दिनभित्र तलब वितरण सुनिश्चित गर्न निर्देशन दिएका हुन् ।

साथै, उनले भविष्यमा करारमा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीलाई तलब भुक्तानीमा ढिलाइ हुननदिन मन्त्रालयलाई बिशेष सतर्कता अपनाउन भने ।

मुख्यमन्त्रीको प्रतिबद्धताअनुसार अब करार स्वास्थ्यकर्मीको तलब समस्या समाधान हुने निश्चित भएकाले कार्यरत कर्मचारीलाई नियमित रूपमा सेबामा खटिन आग्रह गरिएको छ ।

*बाँकी अन्तिम पृष्ठमा*

## नेपाल वैश्य कल्याण महासंघ सप्तरीको दोश्रो जिल्ला अधिवेशन सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, २४ चैत ।**

नेपाल वैश्य कल्याण महासंघ सप्तरीको दोश्रो जिल्ला अधिवेशन शनिबार राजविराजमा सम्पन्न भएको छ ।

जिल्ला अध्यक्ष रामचन्द्र साहको अध्यक्षतामा आयोजित अधिवेशनको प्रमुख अतिथि महासंघका केन्द्रिय वरिष्ठ उपाध्यक्ष एवं वरिष्ठ पत्रकार अनिल कुमार अनलले उद्घाटन गरेका छन् ।

प्रमुख अतिथि केन्द्रिय

*बाँकी अन्तिम पृष्ठमा*

## सातदेखी ७५ वर्ष उमेर समूहका २५ जना अशक्तलाई ह्वील चेयर प्रदान



**दैनिक समाचारदाता**
**राजविराज, २४ चैत ।**

महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रि नवलकिशोर साहले आइतबार शारीरिक रुपमा अशक्त भई कष्टकर बिताउन बाध्य २५ जनालाई ह्वील चेयर बितरण गरेका छन् ।

नेपाल सद्भावना पार्टीका संस्थापक स्व. गजेन्द्र नारायण सिंहको ९६ औं जन्मजयन्ति एवं रामनबमीको अवसर पारेर उनले अशक्त ती २५ जनालाई ह्वील चेयर बितरण गरेका हुन् ।

रोटरी क्लब अफ बर्दिबास र रोटरी क्लब अफ मेट्रो काठमाडौंको सहयोगमा लाखौं

*बाँकी अन्तिम पृष्ठमा*

**उच्च रक्तचाप नियन्त्रण गर्ने उपायहरू**

- नून कम भएको स्वस्थ र पोपिलो आहार खाने,
- तौल कम गर्ने र शारीरिक रुपमा सक्रिय रहने,
- सुर्ती तथा मदिराजन्य पदार्थको सेवन नगर्ने,
- चिकित्सकको सल्लाह पालना गर्ने,
- चिकित्सकले सिफारिस गरेको औषधी नछुटाई खाने,
- आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई मधुमेह, रक्तचाप (ब्लडप्रेसर), मिर्गौला सम्बन्धी रोगको नियमित जाँच गर्ने गरौं ।

स्वस्थ र दीर्घ जीवन बाँचौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### निर्माणाधीन सडकको काम सम्पन्न गराउनेतर्फ सम्बन्धीत निकायको ध्यान पुगोस्

सप्तरीको विभिन्न निर्माणाधीन सडकहरुको अवस्था अहिले कहाली लाग्दो रहेको छ । सडकहरुको अवस्थाका कारण मानिसहरु बिरामी अवस्थामा पुगेका छन् । तीन निर्माणाधीन सडकमा गुड्ने टिपर, ट्रक, वस, अटो, मोटरसाइकल लगायतका सवारीसंगै हावाले उडाउने धुलोले आसपासका वासिन्दा बिरामी अवस्थामा पुगेका छन् । कछुवा तालमा निर्माणाधिन हुलाकीमार्ग अन्तरगत उक्त मार्गबाट ओहोर दोहर गर्ने पैदल र साइकलयात्री तथा मोटरसाइकल यात्री समेत सास्ती भोग्न बाध्य छन । निर्माण कम्पनीले एकातिर सुस्त गतीमा काम गरिरहेको र अर्कोतिर सडकमा पानी नहाल्दा धुलोले पुरै शरीर फोहर हुनुका साथै नाक, मुखबाट धुलो शरीर भित्र पस्दा मानिसहरु बिरामी समेत पर्ने गरेका छन् ।

कछुवाको गतिमा काम गर्ने र अर्को तिर सडकमा पानी नछर्केर सडक निर्माणको नाममा मान्छे मार्ने, विरामी पार्ने गरी काम भइरहदा समेत सम्बन्धी निकायको ध्यानाकर्षण भएको देखिन्न् । यस्तै राजविराजस्थित हनुमान मन्दिर अगाडीको सडक, राजविराज रुपनी सडक खण्डको बाटो पनि निर्माणाधीन अवस्थामा रहेकोले त्यसको हाल पनि त्यस्तै छ । उक्त सडकहरुको निर्माणको ठेक्का पाएका कम्पनीको लापरवाहीका कारण जनताले सास्तीका साथै निकै कष्ठ पाइरहेका छन् । विभिन्न बाहानामा निर्माण कम्पनीले समय मै निर्माण कार्य सम्पन्न गर्न सकेको छैन ।

यता निर्माण कार्यले गति लिन नसक्दा वर्षायाममा हिलो र सुख्खायाममा धुलोको समस्या खेप्न बाध्य भएको स्थानीय मुकदर्शक बनेका छन् । तसर्थ यस्ता सार्वजनिक सरोकारको कामहरु समयअवधी भित्रै सम्पन्न गराउन सम्बन्धीत निकाय तथा स्थानीय पालिकाले पहलदायी कदम चाल्नु आवश्यक छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# जयनगर-बर्दिवास रेल्वे : मुआब्जा पाउने आशमा जग्गाधनी

महोत्तरी, २४ चैत (रासस) ।

जयनगर-बर्दिवास रेल्वेमा जग्गा परेर अझै उचित मुआब्जा नपाएका जग्गाधनीले राहत महसुस गरेका छन् । बर्दिवास नगरपालिका-१४ मा छ बिघा र भङ्गाहा-४ को १५ कट्ठा जग्गाको वर्गीकरणमा भएको त्रुटि रेल विभागले सच्याउने जनाएपछि रेल्वेले अधिग्रहण गर्नपूर्वका जग्गाधनीमा अब उचित मुआब्जा पाउने आश जागेको हो ।

जयनगर-बर्दिवासको जम्मा ६९ किलोमिटरको यो दूरीमध्ये ५१ किलोमिटरमा रेल्वेको ट्र्याक निर्माण भई सेवासमेत सञ्चालन भइसकेको छ । भङ्गाहा-बर्दिवास खण्डको १८ किमी दूरीभित्र उल्लेखित क्षेत्रफलको जग्गाको वर्गीकरण त्रुटिपूर्ण रहेको भन्दै जग्गाधनी आन्दोलनमा उत्रेपछि यसखण्डको निर्माणको काम अघि बढ्न सकेको छैन ।

यसैबीच, विभागले स्थानीय प्रशासन, जिल्लास्थित नापी कार्यालय, जग्गाधनी, रेल विभागका अधिकारी र बर्दिवास एवं भङ्गाहाका जनप्रतिनिधिको उपस्थितिबीच वर्गीकरणमा भएको त्रुटि सच्याइने जनाएपछि यस खण्डको काम सुरु गर्न अब निकास निस्केको छ ।

"रेल विभागका प्रतिनिधिले वर्गीकरण गरिएको नक्सामा भएको त्रुटि सच्याउने प्रतिबद्धता जनाउनुभएको छ", रेल विभागका प्रतिनिधि सुमोद पोखरेलको भनाइ उद्धृत गर्दै भङ्गाहा-४ का कुशेश्वर यादवले भन्नुभयो, "मुआब्जा निर्धारण समितिकै वर्गीकरणअनुसार रकम पाउन आन्दोलनमा उत्रिनुपर्‍यो, अब भने रकम पाइन्छ कि भन्ने आश जागेको छ ।"

रेल विभागले अधिग्रहण गरेको यादवको सडकसँगै जोडिएको जग्गा मुआब्जा वितरणका बेला नक्सामा सडक नदेखिएको भनेपछि विवाद बढेको हो । बर्दिवास-१४ को खोल्सीपैनी पश्चिमका लागि समितिले गरेको वर्गीकरण त्यही ठाउँको आफ्नो जग्गामा फरक परेको भन्दै ३५ किसान आन्दोलित भएपछि रेल्वेको भङ्गाहा-बर्दिवास खण्डको निर्माण रोकिएको हो ।

अहिले भने खोल्सीपैनी पश्चिमको आफूहरुको रेल्वेले अधिग्रहण गरेको जग्गाको वर्गीकरणमा भएको त्रुटि रेल विभागले सच्याउने बताएपछि अब समितिले गरेको निर्धारणअनुसारको रकम पाउने आश जागेको रेल्वे आयोजना पीडित सङ्घर्ष समितिका अध्यक्ष बर्दिवास-१ का निरोज अधिकारीले बताउनुभयो । रेल्वेले गरेको नक्साङ्कनमा अधिकारीसहितका ३५ जनाको जग्गा खोल्सीपैनी पश्चिम नकोरिँदा छ बिघा क्षेत्रफलका पुराना जग्गाधनीले पाउने मुआब्जा कम देखिँदा विवाद भएको हो ।

"हामीले बढी मागेकै हैनौं, जहाँ हाम्रो जग्गा छ, त्यो जग्गाको जे मुआब्जा तोकिएको छ, हामीले त्यही मागेका हौं", उचित मुआब्जा नपाएपछि पीडितले गठन गरेको रेल्वे आयोजना पीडित सङ्घर्ष समितिका अध्यक्ष निरोज अधिकारी भन्नुहुन्छ, "पैनीपश्चिमको जे अवस्थिति छ, रेल्वे विभागले नक्साङ्कन गर्दा सो नदेखिँदामात्र हामी मर्कामा परेर आन्दोलनमा उत्रिनुपरेको हो, अब रेल विभागका प्रतिनिधिले सो त्रुटि सच्याइने बताएपछि समाधान होला भन्ने लागेको छ ।"

यसैगरी भङ्गाहा-४ का यादवको जग्गा सडकले छोएको भए पनि रेल्वेले गरेको नक्साङ्कनमा सडक कोरिएको छैन । यी दुवै ठाउँको जग्गाको अवस्थितिबारे स्थानीय तह र जिल्ला प्रशासन कार्यालयले स्थलगत अवलोकन गरी दिएको प्रतिवेदनसमेत विभागले कार्यान्वयन नगरेपछि जग्गाधनी आन्दोलित भएका थिए । भङ्गाहामा सडकले छोएको जग्गाको रु छ लाख र नछोएको जग्गाको रु एक लाख ५० हजार प्रतिकट्ठा मुआब्जा निर्धारण छ । आफ्नो जग्गा सडकले छोएको हुँदाहुँदै मुआब्जा चाहिँ नछोएको गरिँदा अन्याय परेको यादवको कथन छ ।

जयनगर-बर्दिवास रेल्वेतर्फ अब वर्गीकरणमा भएको त्रुटि सच्चिएपछि ट्र्याक निर्माण कार्य अघि बढ्ने वातावरण बन्दै गएको बर्दिवासका नगरप्रमुख प्रह्लादकुमार क्षत्रीको भनाइ छ । यद्यपि बर्दिवास-१४ मै पूर्व-पश्चिम रेलमार्गमा परेका १४ परिवारको घर उठाउन भने अझै समस्या रहेको छ । बर्दिवास-१४ का १४ घरपरिवारको मुआब्जा विवाद अझै जटिल नै छ । रेल विभागका प्रतिनिधि पोखरेलले यी परिवारका नाउँमा जग्गा नहुनु, जग्गा फिल्डबुकमा देखिए पनि अर्कैको नाउँमा हुनुले सडक छेउमै हुँदासमेत यसको समाधान पहिल्याउन विशेष निर्णय नै पर्खिनपर्ने बताउनुभयो ।

यी १४ घरपरिवार बसोबास गरेको जग्गा फिल्डबुकमा स्व निरबहादुर हमालको नाउँ भेटिएको छ । फिल्डबुकमा नाउँ भए पनि जग्गाधनी प्रमाणपुर्जा बन्नुअघि नै उहाँको निधन भयो । अहिले स्व हमालले नै बसाउनुभएका उक्त परिवार ४० वर्षदेखि बस्दै आएको ठाउँबाट विस्थापित हुने भएका छन् ।

सो ठाउँमा जग्गाधनी प्रमाणपुर्जा नभएपछि मुआब्जा दिन नसकिने विभागको निर्णयले अहिलेको ठाउँ छुटेपछि कहाँ जाने भन्ने आधार नहुँदा प्रमुख जिल्ला अधिकारी लालबाबु कवारीले यिनको हकमा जग्गा हकदाबीको सूचना प्रकाशित गरी समस्या समाधान गर्न नयाँ प्रक्रिया सुरु गर्नु निकास हुने बताउनुभयो । यो प्रक्रियाअनुसार आवश्यक निर्णयका लागि नेपाल सरकारलाई अनुरोध गरिँदा केही निकास निस्किने कवारीको निष्कर्ष छ ।

## तीनकुने घटनाको छानबिन जारी छ : आयोग

काठमाडौँ, २४ चैत (रासस) ।

राष्ट्रिय मानवअधिकार आयोगले यही चैत १५ गते काठमाडौँको तीनकुनेलगायतका स्थानमा घटेको घटनाको छानविन जारी रहेको जनाएको छ ।

आयोगले विभिन्न टोली बनाई घटनाको अनुगमन गरी तत्काल प्राप्त भएका जानकारीका आधारमा विज्ञप्तिमार्फत आफ्नो प्रारम्भिक धारणासमेत सार्वजनिक गरिसकेको स्पष्ट पारेको छ ।

उक्त घटनाका सन्दर्भमा मानवअधिकारको अवस्था र आयोगको भूमिकाका सन्दर्भमा सामाजिक सञ्जाल र केही समाचार माध्यममा आएका टीकाटिप्पणीप्रति आयोगको ध्यानाकर्षण भएको प्रवक्ता टीकाराम पोखरेलले जानकारी दिनुभयो ।

घटना घटेको दिन र त्यसपछि पनि आयोगले क्षति र मानवअधिकारको उल्लंघनका विषयलाई लिएर थप उजुरी र ज्ञापनपत्रसमेत लिएको बताएको छ । घटनाको गाम्भीर्यता र उजुरीसमेतलाई मध्यनजगर गरी आयोगले घटना भएकै दिनदेखि अनुसन्धान टोली परिचालन गरी छानविन/अनुसन्धान गरिरहेको प्रवक्ता पोखरेलको भनाइ छ ।

आयोगका सदस्य मनोज दुवाडी सम्मिलित टोलीले नजरबन्दमा राखिएको भनिएका संयुक्त जनआन्दोलन समितिका संयोजक नवराज सुवेदीलाई शुक्रबार भेटेको छ । त्यसैगरी प्रहरी हिरासतमा रहेका विभिन्न व्यक्तिको अवस्था र घटनामा परी घाइते भएकाको उपचारको अवस्था बारे पनि टोलीले विभिन्न अस्पतालमा पुगी जानकारी लिएको छ ।

आयोगको छानविन एवम् अनुसन्धानकार्यलाई सहयोग पुर्‍याउनसम्बद्ध सबैलाई आग्रह गरेको प्रवक्ता पोखरेलले उल्लेख गर्नुभयो ।

## बार निर्वाचन : मतगणना सोमबारदेखि

काठमाडौँ, २४ चैत (रासस) ।

नेपाल बार एशोसिएशनको २७औँ केन्द्रीय कार्यसमितिका लागि भएको निर्वाचनको मतगणना सोमबारदेखि हुने भएको छ ।

बारको नयाँ कार्यसमितिका लागि शनिबार मतदान भएको थियो । प्रमुख निर्वाचन अधिकृत वरिष्ठ अधिवक्ता रामकृष्ण निरालाका अनुसार बारको मतपेटिका आइतबार बेलुकासम्म काठमाडौँ आइपुग्ने छ भने सोमबारदेखि मतगणना सुरु गरिनेछ ।

बारको नयाँ कार्यसमिति चयन गर्न नौ हजार ९५७ मतदाता रहेकामा ८० प्रतिशत मत खसेको थियो । कूल २५ जना रहने कार्यसमितिका लागि ५७ जनाको उम्मेदवारी परेको थियो ।

काठमाडौँ र बाहिर गरी जम्मा ३६ वटा मतदान केन्द्रमा मतदान भएको थियो । बारको नयाँ नेतृत्वका लागि अध्यक्षमा बृहत लोकतान्त्रिक, प्रगतिशली, पेसागत, राष्ट्रवादी एवं समावेशी कानुन व्यवसायी समूहबाट वरिष्ठ अधिवक्ता प्राडा विजयप्रसाद मिश्र र व्यावसायिक कानुन व्यवसायी समूहबाट वरिष्ठ अधिवक्ता रमनकुमार श्रेष्ठमा प्रतिस्पर्धा हुनुहुन्छ ।

वरिष्ठ अधिवक्ता प्राडा मिश्रको समूहमा महासचिवमा वरिष्ठ अधिवक्ता केदारप्रसाद कोइराला रहनुभएको छ भने वरिष्ठ अविधक्ता श्रेष्ठको समूहमा अधिवक्ता यज्ञमणि न्यौपानेको उम्मेदवारी परेको छ ।

## रास्वपा कार्यवहाक सभापतिको जिम्मेवारी अर्याललाई

काठमाडौँ, २४ चैत (रासस) ।

राष्ट्रिय स्वतन्त्र पार्टीले कार्यवाहक सभापतिको जिम्मेवारी उपसभापति डिपी अर्याललाई दिएको छ । केन्द्रीय सचिवालयको बसेको बैठकले सो निर्णय गरेको हो ।

उच्च अदालत तुलसीपुर बुटवल इजलासले सो पार्टीका सभापति रवि लामिछानेलाई शुक्रबार साँझ पक्राउ गरेको थियो । सभापति लामिछाने पक्राउ भए लगत्तै सो पार्टीको सचिवालय बैठक बसेको हो । बैठकले अदालत र अदालतको निर्णयको सदैव सम्मान गर्दै अदालत, संविधान र कानुनमा आधारित रही अर्को तह र ढोकामा न्यायको लागि अघि बढ्ने निर्णय गरेको छ ।

यस्तै, शनिबार चैत्र २३ गते शनिबार अपराह्न २ बजे चितवनको भरतपुरमा आयोजना हुन लागेको जनयात्रा शुभारम्भ सभालाई शान्त र सौम्य बनाउने र सम्भावित घुसपैठ, चलखेल तथा बिथोल्ने प्रयास रोक्नका लागि सबै सदस्यलाई सचेत, संयमित र गम्भीर रहन बैठकले निर्देशन दिएको छ ।

# थाइल्याण्ड भ्रमण र बिम्स्टेक सम्मेलनमा सहभागिता सफल र सार्थक : प्रधानमन्त्री

काठमाडौँ, २४ चैत (रासस) । प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो थाइल्याण्डको औपचारिक भ्रमण तथा बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिम्स्टेक) छैटौं शिखर सम्मेलनमा सहभागिता अत्यन्त सफल एवं सार्थक रहेको बताउनुभएको छ ।

थाइल्याण्डको औपचारिक भ्रमण सम्पन्न गरी स्वदेश फर्केपछि त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको अतिविशिष्ट कक्षमा शनिबार आयोजित पत्रकार सम्मेलनमा उहाँले आफ्नो भ्रमणबाट दुई मुलुकबीच रहिआएको द्विपक्षीय सम्बन्धले थप उचाइ हासिल गरेको बताउनुभयो ।

प्रधानमन्त्री ओलीले थाइ समकक्षी पे थोङ् थान् शिनावातसँगको भेटमा दुई देशबीच व्यापार तथा लगानी, कृषि, पर्यटन तथा संस्कृति, शिक्षा तथा मानव संशाधन विकासलगायत आपसी हितका क्षेत्रीय एवं बहुपक्षीय मामिलामा सहयोग र सहकार्य गर्ने विषयमा फलदायी कुराकानी भएको जानकारी दिनुभयो ।

उहाँले बौद्ध धर्म एवं दर्शनले जोडेको सांस्कृतिक सम्बन्ध एवं छ दशकभन्दा लामो द्विपक्षीय घनिष्ठ कूटनीतिक सम्बन्धलाई थप सुदृढ बनाउने र यसको जगमा उभिएर दुई देशबीचको आर्थिक सम्बन्धलाई पनि समयानुकूल फराकिलो र गहिरो बनाउँदै दुई देशबीच सहमति भएको बताउनुभयो ।

प्रधानमन्त्री ओलीले ‘समृद्ध नेपाल, सुखी नेपाली’को राष्ट्रिय लक्ष्य प्राप्तिमा नेपाललाई थाइल्याण्ड सरकारको सक्दो सहयोग रहने प्रतिबद्धता प्राप्त भएको जानकारी दिनुभयो । उहाँले कृषि, पर्यटन, पूर्वाधार विकास, सूचना प्रविधिलगायत क्षेत्रमा सहयोग गर्न थाइल्याण्ड सरकार तयार रहेको जानकारी दिनुभयो ।

“द्विपक्षीय सम्बन्ध सुदृढीकरण साथसाथै जलवायु परिवर्तन, दिगो विकास, विश्व शान्तिलगायतका साझा चासोका विषयमा क्षेत्रीय तथा बहुपक्षीय मञ्चहरूमा पनि आपसी सहयोग र सहकार्य थप बलियो र प्रभावकारी बनाउँदै जाने कुरामा दुवै पक्षबीच सहमति भएको छ”, प्रधानमन्त्री ओलीले भन्नुभयो ।

उहाँले भ्रमणका अवसरमा नेपाल सरकार र थाइल्याण्ड सरकारबीच आपसी सहयोग आदानप्रदान गर्ने सन्दर्भमा पर्यटन क्षेत्रमा सहयोग र सांस्कृतिक सहयोगसम्बन्धी सम्झौता एवं निजी क्षेत्रसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर सम्पन्न भएको जानकारी दिनुभयो ।

प्रधानमन्त्री ओलीले आफूले थाइल्याण्डका प्रधानमन्त्री शिनावातलाई नेपाल भ्रमणको निम्ता दिएको जानकारी दिँदै उहाँबाट चाँडै नै नेपालको भ्रमण हुने अपेक्षा राखेको बताउनुभयो ।

प्रधानमन्त्री ओलीले बिम्स्टेक सम्मेलनलाई सम्बोधन गर्दै बङ्गालको खाडी र विश्वभर सघन परिवर्तन आएको र आर्थिक असमानता, बढ्दो वातावरणीय जोखिम, राजनीतिक अनिश्चितता जस्ता साझा वैश्विक चुनौतीको सामना गर्न क्षेत्रीय सहकार्यलाई अझ सशक्त बनाउनुपर्नेमा जोड दिएको बताउनुभयो । “शिखर सम्मेलनको नारा ‘समृद्ध, उत्थानशील र खुला बिम्स्टेक’ ले दिगो विकासका लक्ष्यहरु प्रतिविम्बित गर्नुकासाथै नेपालको राष्ट्रिय आकाङ्क्षा ‘समृद्ध नेपाल, सुखी नेपाली’ लाई समेत प्रतिध्वनित गरेको कुरा मैले चर्चा गरेँ”, उहाँले भन्नुभयो ।

प्रधानमन्त्री ओलीले वातावरणीय एवं अन्य क्षेत्रीय, अन्तरराष्ट्रिय चुनौतीबारे छलफल गर्न नेपालले आयोजना गर्न लागेको सगरमाथा संवादको पहिलो संस्करणमा सहभागिताका लागि बिम्स्टेक राष्ट्रका समकक्षीलाई पुनः आमन्त्रण गरेको जानकारी दिनुभयो । उहाँले सम्बोधनका क्रममा जलवायु परिवर्तनले समस्त मानव समुदायको अस्तित्वलाई नै खतरामा पारेको र एसियाको चिस्यान केन्द्र तथा विश्वको ताप शोषकका रुपमा रहेको नेपालको हिमशृङ्लामा जलवायु परिवर्तनको असर अझ अत्यधिक रहेको उल्लेख गरेको बताउनुभयो ।

भ्रमणका क्रममा म्यानमार र थाइल्याण्डमा महाभूकम्पका कारण ठूलो जनधनको क्षति भएकामा नेपाल सरकार, नेपाली जनता र आफ्नोतर्फबाट समवेदना प्रकट गर्दै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरेको उल्लेख गर्नुभयो ।

प्रधानमन्त्री ओलीले बिम्स्टेक क्षेत्रको विकास, समृद्धि र दिगोपनाको लागि ‘बिम्स्टेक भिजन २०३०’ कार्यान्वयन गर्ने, क्षेत्रीयरुपमा उपलब्ध आर्थिक वृद्धिका अवसरहरुलाई उपयोग गर्नेलगायत विषय समेटिएको बैंकक घोषणापत्र जारी भएको बताउनुभयो ।

उहाँले सो शिखर सम्मेलनअघि बिम्स्टेकको मन्त्रीस्तरीय बैठकले मानव स्रोत विकास, सार्वजनिक स्वास्थ्य, शिक्षा, विज्ञान तथा प्रविधि, जलवायु परिवर्तनसम्बन्धी कार्ययोजनालाई पारित गरी यथाशीघ्र कार्यान्वयनमा लैजान जोड दिएको स्पष्ट पार्नुभयो ।

प्रधानमन्त्री ओलीले भ्रमणका क्रममा नेपाली र थाइ व्यवसायीसँग नेपालमा वैदेशिक लगानीका लागि उपयुक्त कानूनी, सामाजिक र आर्थिक वातावरण रहेको र वैदेशिक लगानीलाई सरल, सहज, सुरक्षित एवं प्रतिफलमुखी बनाउन नेपाल सरकार प्रतिबद्ध रहेको उल्लेख गर्दै लगानीका लागि आग्रह गरेको भनाइ राख्नुभयो ।

पत्रकार सम्मेलनमा प्रधानमन्त्री ओलीका तर्फबाट तयार गरिएको प्रेस नोट परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राईले वाचन गर्नुभएको थियो ।

प्रधानमन्त्री ओलीले बिम्स्टेक शिखर सम्मेलनका क्रममा भारतका प्रधानमन्त्री नरेन्द्र मोदी, श्रीलङ्काका प्रधानमन्त्री डा. हरिणी अमरसूर्या, भुटानका प्रधानमन्त्री छिरिङ तोब्गे र म्यानमारका प्रधानमन्त्री मिन आङ ल्हाइङसँग भेटवार्ता गर्नुभएको थियो । भेटमा प्रधानमन्त्रीले नेपाल र ती मुलुकहरूबीच कायम रहँदै आएको मैत्रिपूर्ण सम्बन्धलाई अझ प्रगाढ बनाउने एवं द्विपक्षीय सम्बन्धका साथै बिम्स्टेक लगायत क्षेत्रीय तथा अन्य बहुपक्षीय सहयोग र सहकार्य थप सुदृढ बनाउँदै लैजाने विषयमा छलफल गर्नुभएको थियो ।

प्रधानमन्त्री ओली थाइल्याण्डका प्रधानमन्त्री शिनावात्को मैत्रिपूर्ण निमन्त्रणामा यही चैत १९ गते थाइल्याण्डको औपचारिक भ्रमण तथा बिम्स्टेकको छैटौं शिखर सम्मेलनमा सहभागी हुन नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै त्यसतर्फ प्रस्थान गर्नुभएको थियो ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**छिन्नमस्ता गाउँपालिका, सप्तरी**

## विश्व समाचार

### भारतीय प्रधानमन्त्री मोदीद्वारा श्रीलंकासँगको घनिष्ठ सम्बन्धको प्रशंसा

कोलम्बो, २४ चैत (रासस/एएफपी) ।

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले श्रीलङ्काको पवित्र बौद्ध वृक्षको आइतबार दर्शन गर्नुभएको छ ।

प्रधानमन्त्री मोदीले बौद्ध बहुल श्रीलङ्काको सार्वभौमिकताको प्रतीक अनुराधापुरामा रहेको श्री महाबोधीमा फूल चढाई बुद्धप्रति श्रद्धाभाव व्यक्त गर्नुभएको हो ।

बुद्धले दुई हजार ५०० वर्षअघि बुद्धत्व प्राप्त गरेको भनिएको धारतमा रहेको अञ्जीरको बोटको बिरूवा भएको विश्वास गरिने यस अञ्जीरको बोटलाई कडा पहरा दिएर राखिएको छ ।

हिन्दू राष्ट्रवादी भारतीय प्रधानमन्त्री मोदीले सन् २०१५ मा आफ्नो अघिल्लो भ्रमणको क्रममा पनि यसको पूजा अर्चना गर्नुका साथै दुवै देशका लागि यसको धार्मिक र सांस्कृतिक महत्वमाथि उजागर गर्नुभएको थियो ।

बोटानिकल नाम फिकस रिलिजियोसा भनिने यस रूखलाई दैनिक हजारौंले ‘जीवित बुद्ध’ को प्रतीकको रूपमा पूजा गर्छन्, यसको हाँगाहरू सुनको लेप लगाइएको फलामको सहारामा संरक्षित गरिएका छन् । भिक्षु, प्रहरी र सशस्त्र फौजले यस रूखको चौबिसै घण्टा पहरा दिनेगर्छन् ।

“यो भ्रमणले दुई देशबीचको गहिरो सांस्कृतिक, आध्यात्मिक र सभ्यतागत सम्बन्धलाई पुनः पुष्टि गरेको छ,” मोदीले भारत फर्कनुअघि सामाजिक सञ्जालमा लेख्नुभएको छ ।

शनिबार मोदी र श्रीलङ्काका राष्ट्रपति अनुरा कुमारा दिसानायकेले रक्षा र ऊर्जालगायत सात सम्झौतामा हस्ताक्षर गर्नुभएको थियो ।

दिसानायकेले श्रीलङ्काप्रति देखाएको ‘गहिरो व्यक्तिगत मित्रता’ सम्मानस्वरूप उहाँलाई देशको सर्वोच्च नागरिक सम्मान प्रदान गर्नुभएको छ । मोदीको यो भ्रमणलाई यस क्षेत्रमा चीनको बढ्दो प्रभावको सामना गर्ने रणनीतिक कदमका रुपमा हेरिएको छ ।

प्रधानमन्त्री मोदीले शनिबार भन्नुभयो, “हामी विश्वास गर्छौं कि हाम्रो सुरक्षा हित एकअर्कासँग जोडिएको छ ।”

“हाम्रो सुरक्षा अन्योन्याश्रित र अन्तरसम्बन्धित छ,” उहाँले भन्नुभयो । दिसानायकेले आफूले मोदीलाई ‘भारतको सुरक्षालाई कमजोर पार्न कसैले पनि श्रीलङ्काली भूमि प्रयोग गर्न नदिने’ आश्वासन दिएको भारतीय सञ्चारमाध्यमले जनाएका छन् ।

### क्षेप्यास्त्र आक्रमणबाट युक्रेनी सरकारी सञ्चार कार्यालयमा क्षति

किएभ, युक्रेन, २४ चैत (रासस/एएफपी) ।

रुसी ब्यालेस्टिक क्षेप्यास्त्र आक्रमणबाट विदेशी भाषामा प्रसारण हुने सरकारी च्यानलको कार्यालय रहेको भवन आंशिक रुपमा ध्वस्त भएको एक टेलिभिजन च्यानलले आइतबार जनाएको छ ।

रुसले युक्रेनमा आइतबार गरेको क्षेप्यास्त्र र ड्रोन आक्रमणमा कम्तीमा दुई जनाको मृत्यु भएको थियो भने कैयो सरकारी कार्यालयहरूमा क्षति भएको थियो ।

रुसी भाषामा प्रसारण हुने फ्रिडम टेलिभिजन च्यानलले आफ्नो रिपोर्टमा भनेको छ, “अप्रिल ६ मा किएभमा रुसी ब्यालेस्टिक क्षेप्यास्त्र आक्रमणले युक्रेनको स्टेट फरेन ब्रोडकास्टिङ इन्टरप्राइजेजको सम्पादकीय कार्यालय रहेको भवनमा ठूलो क्षति पुऱ्याएको छ ।

“आक्रमणबाट विदेशी प्रसारण च्यानलहरू अवस्थित व्यापारिक केन्द्रको माथिल्लो तीन तल्लाहरू पूर्ण रूपमा नष्ट भएका छन् भने तल्लो तल्लामा पनि ठूलो क्षति पुगेको छ र अहिले प्रयोग गर्न नसकिने अवस्थामा पुगेको छ,’ फ्रिडमले उल्लेख गरेको छ ।

किएभका अधिकारीहरूले यसअघि रातभर भएको क्षेप्यास्त्र आक्रमणबाट व्यापारिक केन्द्रको केही तल्लामा क्षति पुगेको बताएका थिए ।

आपतकालीन सेवाहरूले आक्रमणपछि एउटा ठूलो भवनको छाना भत्केको र झ्यालहरू फुटेको तस्बिरहरू पोस्ट गरेका छन् ।

उक्त भवनमा फ्रिडम, डोम, युएटीभी इङ्लिस, द गेज, युएटीभी एस्पानोल, युएटीभी अरबी र युएटिभी पोर्टुगुएस सरकारी विदेशी भाषाको टेलिभिजन च्यानल र अनलाइन सञ्चारमाध्यम रहेका छन् ।

आक्रमणमा कुनै पनि कर्मचारी घाइते नभएको सरकारी प्रसारण संस्थाकी प्रमुख युलिया बिनले बताउनुभएको छ ।

बिनका अनुसार गत फेब्रुअरीमा यसअघिको आक्रमणले आफ्ना कार्यालयलाई निशाना बनाएपछि च्यानलहरू हालै मात्र भवनमा सरेका थिए ।

“दुई महिनाभन्दा कम समयमा भएको यो दोस्रो आक्रमण हो। यस पटक नष्ट भएको कार्यालयमा हामी फेब्रुअरीको आक्रमणपछि भर्खरै सरेका थियौं,” बिनले भन्नुभयो ।

# शिक्षकको शान्तिपूर्ण आन्दोलन जारी

काठमाडौँ, २४ चैत (रासस) ।
नेपाल शिक्षक महासङ्घले विभिन्न माग राख्दै सुरु गरेको आन्दोलन आइतबार पनि जारी छ । आइतबार शिक्षकहरु बबरमहल-बानेश्वर सडकमा भेला भएर सिठ्ठी बजाउँदै शान्तिपूर्ण तरिकाले आफ्ना माग सरकारको ध्यानाकर्षण गराइरहेका छन् ।

गुणस्तरीय शिक्षा, विद्यार्थी र शिक्षक-कर्मचारीमैत्री विद्यालय शिक्षा ऐन जारी माग गर्दै शिक्षकहरु यही चैत २० गतेदेखि आन्दोलित छन् । नेपाल शिक्षक महासङ्घका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले नेपालमा गुणस्तरीय विद्यालय शिक्षाका लागि विद्यालय शिक्षा ऐन जारी नभएसम्म आन्दोलन जारी रहने बताउनुभयो ।

महाङ्सघले आइतबार विज्ञप्ति जारी गरी यो अवधिमा उत्तर पुस्तिका परीक्षण, नतिजा प्रकाशन, तालिम गोष्ठी, सेमिनार, शैक्षिक भ्रमणजस्ता कुनै पनि काममा संलग्न नहुन सबै शिक्षकहरुलाई आग्रह गरेको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीले थाइल्याण्डको औपचारिक भ्रमण सम्पन्न गरी स्वदेश फर्केपछि शनिबार त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको अतिविशिष्ट कक्षमा आयोजित पत्रकार सम्मेलनमा सरकारमाथि विश्वास गरेर शिक्षकहरु शान्तिपूर्ण प्रदर्शनमा आउनुभएको बताउनुभएको थियो ।

"सरकारले आवाज सुन्छ भन्ने उहाँहरुलाई विश्वास छ, हामी कुराकानी पनि गर्छौं, सरकारले उहाँहरुका कुरा सुन्छ, उहाँहरु न सरकार विरोधी न हामी उहाँहरु विरोधी हो", प्रधानमन्त्री ओलीले भन्नुभन्नुभएको थियो, "सबै हामी एउटै हो, के-कति गर्न सकिन्छ, के-कस्तो गर्नुपर्ने हो भन्ने कुरा परस्परमा बसेर सरसल्लाह र छलफल गरेर टुङ्ग्याउनुपर्छ, सरकारले कुनै पनि नकारात्मक राख्दैन, किन राख्नुपरेको छ ? समस्या टुङ्ग्याएर फर्किनुहुन्छ ।"

# चुनावबाट जनमत सावित गरेर चाहेजस्तो व्यवस्था ल्याउन पूर्वराजालाई महामन्त्री शर्माको चुनौती

झापा, २४ चैत (रासस) ।
नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले चुनावबाट जनमत सावित गरेर चाहेजस्तो व्यवस्था ल्याउन पूर्वराजालाई चुनौती दिनुभएको छ ।

झापाको मेचीनगर, धुलाबारीमा पार्टीले आयोजित गरेको क्षेत्रीय प्रशिक्षण कार्यक्रममा शनिबार उहाँले पूर्वराजा ज्ञानेन्द्र शाहलाई आफूसँग जनता छन् भन्ने लागेको भए २०८४ सालको चुनावमा 'श्रीपेच चुनाव चिह्न' लिएर दुई तिहाई जनमत ल्याएर व्यवस्था बदल्न चुनौती दिनुभयो ।

महामन्त्री शर्माले भन्नुभयो,"चौरासी सालमा चुनाव हुँदैछ । यदि तपाईलाई आफूसँग जनता छन् भन्ने लागेको छ भने श्रीपेच चुनाव चिह्नमा मत माग्नुहोस् । दुई तिहाई ल्याएर जनता आफूसँग भएको देखाउनुहोस्, अनि संविधान संशोधन गरेर चाहेको व्यवस्था गर्नुस् तर त्यसबाहेकका उपायद्वारा देशलाई अराजकतातिर लिने प्रयास स्वीकार्य हुँदैन ।"

संविधानसभाको पहिलो बैठकले विधिवत् रूपमा लोकतान्त्रिक गणतन्त्रको घोषणा गरेको स्मरण गर्दै उहाँले सडकमा केही समर्थक उतार्दैमा राजावादीले संविधानसभाको निर्णय उल्ट्याउन नसक्ने बताउनुभयो । "संविधानसभाको निर्णय बदल्ने उपाय भनेको विधिवत् ढङ्गले संविधानको संशोधन हो । त्यसो गर्न चुनावमा दुई तिहाई बहुमत ल्याउनैपर्छ", महामन्त्री शर्माको भनाइ थियो,"हिजो राजाको पालामा जस्तो संविधान संशोधनको अधिकार कसैको हुकुम र हातमा नभएको हेक्का राख्न मेरो चेतावनी छ । सडकमा मान्छे उतार्दै आकाशतिर फर्केर मेरा जनता यति छन् र उति छन् भनेर अनुमान गरेको भरमा जनमत यकिन हुँदैन ।"

उहाँले नेपाली जनताले कुन वंशको गर्भबाट जन्मेको भन्ने आधारमा नभइ कस्तो कर्म गरेको भन्ने आधारमा आफ्ना प्रतिनिधि चुन्ने गरेको धारणा राख्नुभयो ।

# राजनीतिक स्थायित्वका लागि शासकीय स्वरुप फेर्नुपर्छ’

काठमाडौँ, २४ चैत (रासस) ।
राजनीतिक दलका नेता एवं विज्ञहरूले राजनीतिक तथा नीतिगत स्थायित्वका लागि प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतीय प्रणाली अवलम्बन गरिनुपर्नेमा जोड दिनुभएको छ ।

नेपाल समाजवादी पार्टी ( नयाँ शक्ति)ले शनिबार यहाँ आयोजना गरेको 'राजनीतिक स्थायित्व र प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय प्रणालीका औचित्य' विषयक अन्तरक्रियामा सहभागीले मुलुकको समृद्धिका लागि शासकीय स्वरुप परिवर्तन गर्नुपर्ने धारणा राख्नुभयो । यद्यपि, केही सहभागीले प्रत्यक्ष निर्वाचित कार्यकारी तानाशाह बन्नसक्ने खतरा औँल्याउँदै राजनीतिक स्थिरताका लागि शासकीय स्वरुप नभई शासकीय भूमिकामा रहेका व्यक्तिको प्रवृत्ति बल्नुपर्ने बताउनुभयो ।

नयाँ शक्तिका अध्यक्ष डा बाबुराम भट्टराईले अर्थतन्त्र सुधारका निम्ति राजनीतिक र नीतिगत स्थायित्व अनिवार्य सर्त भएको बताउनुभयो । उहाँले प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय प्रणाली अपनाउनसके स्थिरता र विकासले गति लिने जिकिर गर्नुभयो । शासन गर्ने व्यक्ति आमनागरिकको मतबाट चुनिने हुँदा जनताप्रति जवाफदेही र प्रजातान्त्रिक हुने उल्लेख गर्दै अध्यक्ष भट्टराईले राष्ट्रपतीय प्रणालीमा तानाशाह जन्मन्छन् कि भनेर नकारात्मक सोच राख्न नहुने बताउनुभयो ।

नेपाली कांग्रेसका नेता रामहरि खतिवडाले प्रत्यक्ष निर्वाचित राष्ट्रपति स्थायित्वको अचुक औषधि नभई निरंकुश हुनसक्ने खतरा रहेको औँल्याउनुभयो । "अहिले नीतिभन्दा नाता, नभए दाता खोजेर समानुपातिक प्रणालीको मर्मविपरीत काम भइरहेको छ, जुन पार्टीबाट नियुक्ति पाइन्छ त्यतै लाग्ने प्रवृत्ति हावी भएको छ । यो नै स्थिरताको बाधक हो", उहाँले भन्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टी ( एमाले) नेत्री सुनिता बरालले राजनीतिक स्थायित्व नहुनुमा प्रणालीलाई दोष दिनुभन्दा अभ्यासमा भएका कमजोरी हटाउनुपर्नेमा जोड दिनुभयो । "प्रणालीमा मात्र केन्द्रित भएर पुग्दैन, प्रवृत्तिलाई पनि ध्यान दिनुपर्छ", उहाँले भन्नुभयो, "अभ्याससमा भएका कमजोरी नहटाएसम्म प्रणालीले मात्र केही गर्दैन ।"

नेकपा (माओवादी केन्द्र)का नेता खिमलाल देवकोटाले राजनीतिक स्थिरता र आर्थिक समृद्धिका लागि प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतीय प्रणालीको विकल्प नभएको बताउनुभयो । "अधिनायकवादी राष्ट्रपति हुनसक्छ भन्ने त्रास हटाउन प्रत्याह्वान र महाभियोगको व्यवस्था राखी उसलाई अधिनायकवादी हुनबाट जोगाउन सकिन्छ", उहाँले भन्नुभयो ।

राष्ट्रिय स्वतन्त्र पार्टीका नेता सन्तोष परियारले शासकीय भूमिकामा रहने व्यक्तिको संस्कारका कारण राजनीतिक अस्थिरता सिर्जित भएको दाबी गर्नुभयो । उहाँले आफू राष्ट्रपति प्रणालीको समर्थक भएको बताउनुभयो । जनता समाजवादी पार्टीका नेता प्रकाश अधिकारीले स्थायित्वका लागि मुलुकमा उपयुक्त शासकीय प्रणाली र नीतिको आवश्यकता रहेको बताउनुभयो ।

राजनीनितिक विश्लेषक इन्द्र अधिकारीले सरकार कि प्रणालीको स्थायित्व भन्नेमा प्रष्ट हुनुपर्ने धारणा राख्दै अहिले प्रणालीभन्दा सरकार अस्थिर भएको बताउनुभयो ।

# एकीकृत समाजवादीले देशभर विरोध प्रदर्शन गर्ने

काठमाडौँ, २४ चैत (रासस) ।
नेपाल कम्युनिष्ट पार्टी ( एकीकृत समाजवादी) ले तीनकुनेमा भएको प्रदर्शनका क्रममा आफ्नो पार्टीमा गरिएको तोडफोड तथा आगजनीको छानबिनको माग गर्दै यही चैत २५ गते देशभर विरोध प्रदर्शन एवं सभा गर्ने भएको छ ।

पार्टीले घटनाको निष्पक्ष छानबिन गरी त्यसमा संलग्न दोषीलाई कानुनी कारबाहीका लागि दबाब दिने उद्देश्यले विरोध प्रदर्शन एवं सभा गर्न लागिएको हो । पार्टी मातहतका कमिटीले देशभरका पालिका, वडा तह, प्रदेश, क्षेत्रमा विरोध प्रदर्शनको कार्यक्रम रहेको केन्द्रीय प्रचार विभाग प्रमुख प्रकाश ज्वालाले जानकारी दिनुभयो ।

उक्त घटनाबाट पार्टीमा पुगेको क्षति विवरण सङ्कलन गर्न केन्द्रीय उपमहासचिव रामकुमार भट्टराईको संयोजकत्वमा कार्यदल गठन गरिएको छ । मुलुकको पछिल्लो विकसित राजनीतिक घटनाक्रम, अन्तरराष्ट्रिय परिस्थितिबारे जनतालाई सुसूचित गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षाका लागि मुलुकमा सुशासन, रोजगारी, समृद्धिलगायत विषयमा देशभर राजनीतिक सभा गर्ने कार्यसूची छ ।

पार्टीले सङ्गठन सुदृढीकरणका लागि जनताको आर्थिक तथा सामाजिक न्यायको अवस्था अध्ययन गरी उनीहरुको गरिबी निवारण, सुशासन, जनजीविका केन्द्रित आन्दोलनका कार्यक्रम बनाएको छ । मुलुकमा राजनीतिक आडमा भएका विकृतिबारे भण्डाफोरको प्रस्ट पारिने छ ।

पार्टीका सम्बन्धित कमिटीले सरोकार पक्षसँग सार्वजनिक रूपमा छलफल गरी उनीहरुको सुझाव सल्लाह लिएर पार्टीले अवलम्बन गरेको समाजवादी कार्यक्रमलाई परिमार्जन गरिने जनाइएको छ ।

राजनीतिक स्थिरताका लागि निर्वाचन प्रणालि सुधार गर्ने, जनताको आर्थिक तथा सामाजिक रुपान्तरणका लागि समाजवादी कार्यक्रम कार्यान्वयन गर्ने विषयमा जनस्तरबाट आएका सुझाव समावेश गरिनेछ । पार्टीले यही चैत २ देखि आगामी वैशाख २२ गतेसम्म सञ्चालन गरेको अभियान जारी छ ।

### गजेन्द्र बाबुको ...

उक्त अवसरमा हनुमाननगर कंकालिनी नगरपालिकाका पूर्व मेयर शैलेश साह, युवा नेता सुमित साह, निर्वतमान वडाअध्यक्ष सत्य नारायण यादव, प्रिन्सिपल सुरेस यादव लगायतले पनि स्व.सिंहको योगदान बारे चर्चा गरेका थिए ।

यस्तै आईतवारै राष्ट्रिय मुक्ती पार्टी तथा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) सप्तरीले पनि नेता सिंहको जन्मजयन्तीका अवसरमा राजविराजस्थित गजेन्द्र चौकमा सरसफाई, उनको शालिकमा माल्यार्पण तथा लडडु समेत बाडेका छन ।

राष्ट्रिय मुक्ती पार्टी सप्तरीका अध्यक्ष दीपेन्द्र चौधरी, केन्द्रिय नेता गजेन्द्र कुमार मण्डल, संविधानसभा सदस्य महेश यादव, लोसपा जिल्ला अध्यक्ष सुनिल कुमार झा, केन्द्रिय उपाध्यक्ष जयप्रकाश ठाकुर, अमरकान्त झा, राजविराज नगरपालिकाका पूर्व मेयर शम्भु प्रसाद यादव, उपमेयर साधना झा, रुपनी गाउँपालिकाका अध्यक्ष दिनेश कुमार यादव लगायतले सो अवसरमा स्वं सिंहले विशेष गरी मधेश राजनीतिमा पुऱ्याएको योगदान भावी पुस्ताका लागी अनुकरणीय रहेको बताएका थिए ।

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका घर भएका सिंहको १९९८ सालमा रामनवमी कै दिन जन्म भएको थियो । प्रत्येक वर्ष रामनवमीका दिन उनका अनुयायीहरुले विभिन्न कार्यक्रमको आयोजना गरी स्व.सिंहको जन्मजयती मनाउने गरेका छन । सिंहले २०४७ सालमा सद्भावना परिषद हुदै नेपाल सद्भावना पार्टी गठन गरेका थिए । सोही पार्टी मार्फत उनले मधेशी अधिकारका लागी संगठित अभियान चलाएका थिए ।

### छात्रवृत्ति करार ...

नेपाल चिकित्सक सङ्घ, मधेश-प्रदेश समितिले करारमा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीको समस्या समाधानका लागि गरेको पहलप्रति मुख्यमन्त्रीलाई धन्यवाद व्यक्त गरिएको छ ।

### नेपाल वैश्य ...

वरिष्ठ उपाध्यक्ष अनलले महासंघमा आवद्ध वैश्य समाजको आर्थिक, सामाजिक, साँस्कृतिक र शैक्षिक उत्थानका लागि विभिन्न खाका बनाएर आफूहरु अघि बढेको जानकारी गराए ।

उनले वैश्य कल्याण महासंघको पेशागत हकहित, अधिकार तथा उत्थानका लागि सबैले प्रभावकारी भूमिका खेल्न विश्वास व्यक्त गरे । उनले महासंघमा एकताको अभाव हुँदा राज्यको विभिन्न निकायमा पहुँच र अधिकार प्राप्तिमा कठिनाई हुने गरेको भन्दै सबै एकजुट हुनु पर्नेमा जोड दिए ।

कार्यक्रममा नेपाल वैश्य कल्याण महासंघ सप्तरीका उपाध्यक्षद्वय ललन प्रभात र लक्ष्मण साह हलुवाई, सेवानिवृत प्रधानाध्यापक नथुनी दास, किरण भगत, रमेश गुप्ता, आनन्दलाल साह, गणु साह, इन्द्रसागर गुप्ता, बैजनाथ गामी, शिवनारायण साह स्वर्णकार, नन्दकिशोर गुप्ता, कथबनिया समाज सप्तरीका अध्यक्ष शिवेन्द्रलाल दास, जिल्ला सचिव मिथलेश्वर साह लगायतका वक्ताहरुले महासंघमा आपसी एकता कायम गर्न तथा समाजमा रहेका विकृती बिसंगतिहरु विरुद्ध सबै एकजुट भई अघि बढ्नुपर्नेमा जोड दिएका थिए ।

नेपाल वैश्य कल्याण महासंघमा २३ वटा जातजाती सम्मिलित रहेको जिल्ला सचिव मिथलेश्वर साहले जानकारी दिए ।

### सातदेखी ७५ ...

मुल्य बराबरको उक्त ह्वील चेयर पाउनेमा ७ देखी ७५ वर्ष उमेर समूह सम्मका २५ जना छन् ।

उपलब्ध अत्याधुनिक प्रविधीको ह्वील चेयर मन्त्री साहले आफ्नो गृहनगर हनुमाननगर कंकालिनी नगरपालिकामा एक समारोहका बीच यसरी बितरण गरेका हुन् ।

जनता समाजवादी पार्टीका उपाध्यक्ष समेत रहेका मन्त्री साहले स्व. सिंह आफ्नो राजनीतिक जिवनमा प्रेरणाको श्रोत रहेकोले आफू आफ्नो क्षेत्रका बासिन्दाको समस्याप्रति समेत संवेदनशिल रहेको भन्दै दातृ संस्थाबाट सहयोग जुटाएर भए पनि सानो मद्दत गर्न पाएकोमा निकै खुशी लागेको बताए ।

नगरपालिका भित्र शारीरिक रुपमा पूर्ण रुपमा अशक्त भएकाहरुको पहिचान गरि पहिलो चरणमा मन्त्रि साहमार्फत २५ थान ह्वील चेयर बितरण गरिएको रोटरी क्लब अफ बर्दीवासका अध्यक्ष बिष्णुराज पुरीले बताए ।

उक्त अवसरमा रोटरी क्लब अफ बर्दीवासका प्रस्तावक अध्यक्ष सिताराम ढुंगेल, नोमिनी अध्यक्ष दिपककुमार कार्की, राष्ट्रिय अपाड कोषका सदस्य चितरंजन यादव, हनुमाननगर कंकालिनी नगरपालिका उपमेयर सरिता सिपलिया यादव, पूर्वमेयर शैलेश साह, अपाड कल्याण संघका अध्यक्ष बलदेव मण्डल, दलित सरोकार मञ्चका अध्यक्ष भोला पासवान, नेपाल पत्रकार महासंघका केन्द्रिय परिषद् सदस्य मनोज कुमार माझी लगायतको उपस्थिति रहेको थियो ।

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर,
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेवसाइट : rajbirajdainik.com.np